का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ भदौ २०८०,
शनिबार
26 August 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक २१२ । पृष्ठ १० Madhyanha National Daily www.madhyanhadaily.com



# एमालेको 'लिगेसी'मा माधव नेपालको दाबी

**एमालेबाट अलग भएर नयाँ पार्टी बनाएका माधवकुमार नेपालले आफू नेतृत्वको पार्टीलाई २००७ सालमा गठन भएको नेपाल कम्युनिष्ट पार्टीको वर्तमान रुप देखाउने प्रयास गरेका हुन् ।**



एमालेले कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन सक्दैन भन्ने निष्कर्षकासाथ हामीले त्यसलाई पुनर्गठन गरेका हौं । पुनर्गठन गरेपछि एमालेको स्वामित्व हामीले लिएका छौं ।

■ **जगन्नाथ खतिवडा**
**नेता, एकीकृत समाजवादी**



एकीकृत समाजवादी भन्ने पार्टी 'बिमाले' भइसक्यो । अब त्यसले कहाँ एमालेको लिगेसी बोक्छ ? अब त्यो पार्टीले एमालेको लिगेसीमा दाबी गर्नुको कुनै अर्थ छैन ।

■ **सूर्य थापा**
**नेता एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ भदौ ।

नेकपा एकीकृत समाजवादीले नेकपा एमालेको लिगेसीमा दाबी गरेको छ । एमालेको लिगेसीमा दाबी गर्दै एकीकृत समाजवादीले पार्टी स्थापनापछिको पहिलो महाधिवेशनलाई दशौं महाधिवेशन भन्ने औपचारिक निर्णय गरेको छ ।

नेकपा एकीकृत समाजवादीको केन्द्रीय समितिको बैठकले आगामी माघ १४ गतेदेखि १८ गतेसम्म पार्टीको दशौं राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने निर्णय गरेको हो । २००७ सालमा गठन भएको नेपाल कम्युनिष्ट पार्टीको वर्तमान रुप आफ्नो पार्टी भएको जनाएको एकीकृत समाजवादी एमालेसँग नवौं महाविधेशनपछि २०७८ सालमा अलग भएर गठन भएको थियो ।

एकीकृत समाजवादी उपमहासचिव एवं प्रवक्ता जगन्नाथ खतिवडा आफूहरुले एमाले विभाजन गरेको भनी विद्रोह गरेर पार्टीको पुनर्गठन गरेको बताउँछन् ।

'एमालेले कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन सक्दैन भन्ने निष्कर्षका साथ हामीले त्यसलाई पुनर्गठन गरेका हौं । यो विद्रोह त्यही पुनर्गठन हो । पुनर्गठन गरेपछि एमालेको स्वामित्व हामीले लिएका छौं' उनी भन्छन्, 'यसकारण हामी दशौं महाधिवेशन गर्न गइरहेका छौं ।'

एकीकृत समाजवादी उपमहासचिव खतिवडा एमालेले वैचारिक, राजनीतिक, संगठनात्मक सबै सीमा क्रस गरेर चरम दक्षिणपन्थी अवसरवादी बाटोमा गएको र एमाले अब चल्न नसक्ने दाबी गर्छन ।

तर, एमालेले आफ्नो पार्टीको लिगेसीमा एकीकृत समाजवादीले दाबी गरेकोमा आश्चर्य प्रकट गरेको छ । 'एमाले बिमाले भइसक्यो । अब त्यसले कहाँ एमालेको लिगेसी बोक्छ ?' एमालेका नेता सूर्य थापा भन्छन्, 'एकीकृत समाजवादीले एमालेको लिगेसीमा दाबी गर्नुको कुनै अर्थ छैन ।'

एमालेको तीन कार्यकाल महासचिव भएर नेतृत्व गरेका माधवकुमार नेपाल नेतृत्वको पार्टी २०७८ भदौ २ मा गठन भएको थियो । एमालेबाट अलग भएर नयाँ पार्टी बनाएका नेपालले आफू नेतृत्वको पार्टीलाई २००७ सालमा गठन भएको नेपाल कम्युनिष्ट पार्टीको वर्तमान रुप देखाउने प्रयास गरेका हुन् । सोही कारण उनले आफू रहँदा एमालेले गरेको महाधिवेशनाई देखाएर दशौं महाधिवेशन अब गर्न लागेको दाबी गरेका हुन् । एमालेले दशौं महाधिवेशन गरिसकेको छ ।

माधव नेपाल नेतृत्वमा पार्टी बनाउन तत्कालीन सरकारले राजनीतिक दल फुटाउन सहज हुन गरी अध्यादेश नै ल्याएको थियो । २० प्रतिशत केन्द्रीय सदस्य वा २० प्रतिशत सांसद संख्या भए पार्टी फुटाउन सहज हुने गरी तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले ल्याएको अध्यादेशका आधारमा माधव नेपालले एमाले फुटाएर एकीकृत समाजवादी गठन गरेका थिए । माधव नेपाल नेतृत्वमा गठन भएको नयाँ पार्टीलाई निर्वाचन आयोगले २०७८ साल भदौ ९ गते कानुनी मान्यता पाएको थियो । पार्टी स्थापनाको दुई वर्षको अवधिमा एकीकृत समाजवादीले देशभर संगठन बनाइसकेको छ । गत स्थानीय तह, प्रदेश र स्थानीय तहको चुनावमा समेत भाग लिएको थियो । तर एकीकृत समाजवादीले आम चुनावमा तीन प्रतिशतको थ्रेस होल्ड कटाउन सकेन र राष्ट्रिय दल बन्न सकेको छैन ।

## ललिता निवास प्रकरणमा तत्कालीन मुख्यसचिव पौड्यालको बयान

# 'म अभियुक्त भए पूर्वप्रधानमन्त्री स्वतः तानिन्छन्'



ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा मुछिएका पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई प्रतिवादी नबनाइ प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको छ । यस सन्दर्भमा सार्वजनिकरुपमा समेत चासो प्रकट भइरहेका बेला पौड्यालले आफू अभियुक्त भए तत्कालीन प्रधानमन्त्री स्वतः तानिने बयान दिएका हुन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ भदौ ।

ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा बयान दिँदै पूर्वमुख्यसचिव लीलामणि पौड्यालले आफूले मन्त्रिपरिषदको निर्णय प्रमाणीकरण मात्रै गरेको बताएका छन् । मन्त्रिपरिषदको निर्णय प्रमाणीकरण मात्रै गरेका कारण आफू दोषी भए तत्कालीन प्रधानमन्त्री स्वतः तानिने उनको भनाइ छ ।

उनले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (सिआईबी)लाई दिएको बयानमा उनले मन्त्रिपरिषद्को निर्णय प्रमाणीकरण गर्नु आफ्नो कानुनी दायित्व भएको र दायित्व निर्वाह गरेकै कारण आफू दोषी भए मन्त्रिपरिषदको नेतृत्व स्वतः तानिने उनको जिकिर छ ।

'मैले यो विषयमा गरेको भनेको मन्त्रिपरिषदको निर्णय प्रमाणीकरण मात्र हो र मन्त्रिपरिषदले गरेको निर्णय मैले प्रमाणिकरण गर्ने पर्छ । त्यो मेरो अपराध होईन अनिवार्य कानुनी दायित्व हो । मैले यसमा प्रकरणमा संलग्न कसैसंग कुनै लाभ लिएको छैन' सिआईबीलाई दिएको बयानमा उनले भनेका छन् ।

आफूलाई अभियुक्त बनाइएको खण्डमा तत्कालीन प्रधानमन्त्रीहरु स्वतः तानिने उनले पटक पटक दोहोऱ्याएका छन् । 'यदि यो बिषयमा म अभियुक्त हुन्छु भने मन्त्रिपरिषदका सदस्यहरु के कारणले छानबिनको दायरामा पर्दैन ? उनीहरु त निर्णयकर्ता हुन् नि' बयानका क्रममा पूर्वमुख्यसचिव पौड्यालले भनेका छन् ।

असल नियतले गरेको कामका लागि राष्ट्र सेवकलाई कुनै अभियोग लाग्नबाट कानुनले समेत बचाउ गर्ने प्राकृतिक न्यायको सिद्दान्त रहेको भन्दै उनले यस प्रकरणमा आफूमाथि अभियोग लाग्नुपर्ने कारण नरहेको पनि जिकिर गरेका छन् ।

बालुवाटारस्थित ललिता निवासको १४३ रोपनी सरकारी जग्गा हिनामिना प्रकरणमा २८६ जनालाई प्रतिवादी बनाइएको छ । संगठित >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# 'नेपालले यूएईसँगको श्रम कूटनीतिलाई प्राथमिकता दिनुपर्छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ भदौ

संयुक्त अरब इमिरेट्स (यूएई)का लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले श्रम कूटनीतिलाई देशले प्राथमिकता दिनुपर्ने बताएका छन् । नेपाल-यूएई चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्रीले शुक्रबार आयोजना गरेको कार्यक्रममा राजदूत क्षेत्रीले खाडी र अन्य श्रम गन्तव्य मुलुकसँगको द्विपक्षीय सम्बन्धमा श्रम कूटनीति अपरिहार्य रहेको बताएका हुन् । उनले यूएईमा ठूलो संख्यामा नेपाली आप्रवासी कामदार रहेकाले नेपालले जनता-जनताबीचको सम्बन्धलाई प्रवर्द्धन गर्नसक्ने बताए ।

चेम्बरले राजदूत क्षेत्रीसहित नेपालका लागि यूएईका नवनियुक्त राजदूत अब्दुल्ला सइद मुबारक जारवान अल शम्सीलाई स्वागत गर्न आयोजना गरेको कार्यक्रममा उनले नेपालबाट हुने कपडा, गलैंचा र हस्तकलाका सामानले यूएईमा राम्रो बजार पाउन सक्ने र त्यहाँको बजारमा नेपाली सामानको प्रवर्द्धन गर्न आफूले पहल गर्ने प्रतिबद्धता जनाए । खाडी मुलुकहरु नेपालका लागि पर्यटन र लगानीको राम्रो स्रोत हुन सक्ने उनको भनाइ छ ।

सरकारी अनुमान अनुसार करिब ५ लाख नेपाली रोजगारीका लागि यूएईमा रहेका छन् र त्यहाँबाट २८ करोड ५० लाख अमेरिकी डलर रेमिट्यान्स आउने गरेको छ । 'नेपालले उच्च मूल्यका वस्तुहरु यूएईको बजारमा निर्यात गरी पर्यटकलाई आकर्षित गर्ने रणनीति बनाउनुपर्छ', क्षेत्रीले भने, 'यूएईबाट पर्यटकको संख्या बढाउनुपर्ने आवश्यकता छ किनकि गत वर्ष करिब ६०० पर्यटकमात्र नेपाल आएका थिए ।'



कार्यक्रममा नेपालका लागि यूएईका राजदूत अल शम्सीले दुवै देशले सहकार्यबाट लाभान्वित हुने गरी भविष्य निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे । उनका अनुसार नेपालको प्राकृतिक सौन्दर्य >>> पृष्ठ २ मा

## ग्रीसमा अपहरण गरी फिरौती रकम लिने गिरोह पक्राउ

**काठमाडौं/रासस-** नेपाल प्रहरीले ग्रीसमा नेपालीलाई अपहरण गरी फिरौती रकम लिने गिरोहलाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले गत जेठ १२ गते नेपालबाट 'सिजनल भिसा'मा वैदेशिक रोजगारीका क्रममा सर्बिया गएका तीन नेपालीलाई बन्धक बनाएर रकम फिरौती माग्ने चार जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा धनकुटाका ३२ वर्षीय शिवराज कुँवर, काठमाडौंका ५६ वर्षीय रामेश्वर अर्याल, कपिलवस्तुका ३२ वर्षीय प्रकाश बेलबासे र पर्वतका ४२ वर्षीय दिलबहादुर थापा रहेका छन् । ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले सर्बियामा गएका पीडितले चित्त बुझ्दो रोजगार तथा >>> पृष्ठ २ मा

# धरानमा सामाजिक सद्भाव भड्किने त्रास

हिन्दु समर्थकले शनिबार प्रदर्शनको आह्वान गरेका छन् । साथसाथै प्रतिकार प्रदर्शनकोसमेत तयारी अगाडि बढेको सूचनाका आधारमा धरानमा निषेधाज्ञासहित धरान प्रवेशमा कडाइ गरिएको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ८ भदौ ।

जिल्ला प्रशासन कार्यालय सुनसरीले धरान उपमहानगरपालिका क्षेत्रभित्र शुक्रवार राति १२ बजेदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले धरान उपमहानगरपालिकाको सबै क्षेत्रमा लागू हुने गरी राति १२ बजेदेखि शनिवार राति १२ बजेसम्मका लागि निषेधाज्ञाको आदेश जारी गरेकी हुन् ।

स्थानीय नेताहरुका अनुसार धरानमा सामाजिक सद्भाव भड्किने त्रास बढेको छ । यहीकारण निषेधाज्ञाको आदेश जारी भएको हो ।

धरानमा गोरु काटेर खाएको र मन्दिर अगाडि चर्च बनाएको भन्दै केही हिन्दु समर्थकले शनिवार प्रदर्शनको आह्वान गरेका छन् । साथसाथै प्रतिकार प्रदर्शनकोसमेत तयारी अगाडि बढेको सूचनाका आधारमा धरानमा निषेधाज्ञासहित धरान प्रवेशमा कडाइ गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय सुनसरीको आदेशमा धरानमा फैलिएको डेंगी सङ्क्रमण नियन्त्रणमा नआउन्जेल >>> पृष्ठ २ मा

## संयमताका लागि १३ दलको अपिल

संयमताका लागि धरानमा क्रियाशील १३ वटा राजनीतिक दलले आग्रह गरेका छन् । शनिवार हुने भनिएका कार्यक्रम स्थगित गरेर धार्मिक र सामाजिक सद्भाव कायम राख्न आग्रह गरेका छन् ।

धरानमा शुक्रवार बसेको सर्वदलीय बैठकले साझा विज्ञप्ति निकालेर सामाजिक सद्भाव बिथोल्ने कुनै पनि कार्यक्रम नगर्न आग्रह गरेका हुन् । उनीहरूले सामाजिक सञ्जालबाट पनि सामाजिक सद्भाव खलबलिने कुनै सामग्री शेयर नगर्न अनुरोध गरेका छन् ।

दलहरूले संयुक्त विज्ञप्तिमार्फत सबै जाति, धर्म, समुदायले एकआपसको धर्म, संस्कार, संस्कृति र परम्परालाई सम्मान गर्दै सामाजिक द्वैष तथा आस्थामा ठेस पुर्‍याउने गतिविधि नगर्न अनुरोध गरेका छन् । शनिवारको कार्यक्रम स्थगित गर्न र सबै विषयको वार्तामार्फत समाधान खोज्न दलहरूको आग्रह छ ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल समाजवादी पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, विवेकशील साझा पार्टीलगायतका दलले विज्ञप्ति निकालेर सद्भावका लागि आह्वान गरेका हुन् ।

# 'गैरआवासीय नेपाली नागरिकता लिन कुनै झन्झट नहोस् भन्नेमा सरकार प्रतिबद्ध'



**काठमाडौं/मस**–उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले गैरआवासीय नेपाली नागरिकतासम्बन्धी नियमावली छिट्टै निर्माण सम्पन्न गरी सहजै नागरिकता प्रदान गर्न सहजीकरण गर्ने प्रतिबद्धता जनाएका छन् ।

सिंहदरबारस्थित गृहमन्त्रालयमा गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष डा.बद्री केसीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँग गृहमन्त्री श्रेष्ठले हाल बनिरहेको भइरहेको गैरआवासीय नेपाली नागरिकताको नियमावलीमा समावेश गरिने प्रावधान गैरआवासीय नेपालीमैत्री बनाउन सरकार प्रतिबद्ध रहेको बताएका हुन् । उनले भने, 'गैरआवासीय नेपाली नागरिकता लिन कुनै झन्झट नहोस् भन्नेमा सरकार सजग र प्रतिबद्ध छ ।'

उक्त भेटमा संघका कार्यकारी अध्यक्ष डा.केसीले गैरआवासीय नेपाली नागरिकता सम्बन्धी नियमावली यथाशक्य छिटो निर्माण गरी नागरिकता प्राप्तीका लागि मार्गप्रशस्त गरिदिन हुन अनुरोध गरेका थिए । सो अवसरमा डा.केसीले नियमावलीमा राखिने प्रावधान अप्ठ्यारा भए नागरिकता लिँदा झण्झटिलो हुने भएकोले निर्माण चरणदेखि नै सरकारले ध्यान दिनुपर्नेमा जोड दिए ।

नागरिकता जिल्ला प्रशासन कार्यालयबाटै दिइने व्यवस्था मिलाउन र नागरिकताको ढाँचा अन्य नेपालीले पाउने नागरिकताको बनाई नागरिकताको तल लेखिने किसिममा मात्र गैरआवासीय लेख्दा उपयुक्त हुने सुझाव डा.केसीले प्रस्तुत गरेका थिए ।

यस्तै, गैरआवासीय नेपाली नागरिकता दिंदा निवेदकको वा निजको बुवा, आमा, बाजे बज्यै मध्ये कसैको नेपाली नागरिकताको प्रमाण पेश गर्ने, ऐनमै व्यवस्था भएको र सो नागरिकता बनाउँदा स्थानिय तहकै सिफारिसमा सबै प्रकृया पुरा गर्ने भएकोले पुनः गाउँपालिका, नगरपालिका वा नेपाली दुतावासको सिफारिस ल्याउनुपर्ने प्रावधान परिवर्तन गर्नुपर्ने प्रतिनिधिमण्डलको सुझाव थियो ।

यस्तै अनलाइन तथा नेपाली दूतावास वा महावाणिज्य दूतावासबाटै नागरिकता प्राप्तिका लागि निवेदन दिन मिल्ने व्यवस्था गर्नुपर्ने लगायतका विभिन्न सुझावहरु संघको तर्फबाट गृहमन्त्रीसमक्ष प्रस्तुत गरिएको छ ।

जवाफमा गृहमन्त्री श्रेष्ठले सरकारले विदेशमा रहेका नेपालीलाई अप्ठ्यारोमा पार्ने प्रावधान नराख्ने तर केही प्राविधिक समस्या देखा परे त्यसमा सहजीकरण गर्ने बताए ।

सरकारले विदेशमा बस्ने नेपालीका लागि गैरआवासीय नेपाली नागरिकता दिने व्यवस्था अनुरुप ऐन जारी गरेपनि त्यसको कार्यान्वयनका लागि आवश्यक नियमावली निर्माणकै चरणमा रहेकोले त्यसमा संघले आफ्ना सुझावहरु पेश गरेको हो ।

भेटमा कार्यकारी अध्यक्ष केसीसहित, उपाध्यक्ष डीबी क्षेत्री, आइसीसी युवा संयोजक अब्दुल बासिद, यूरोप क्षेत्रीय संयोजक सन्तोष भट्टराई, एनसीसी थाइल्याण्डका भविन्द्र बस्नेत, पूर्व सल्लाकार टी बि कार्की, एनसीसी थाइल्याण्डका पूर्व युवा संयोजक दिपेश श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत राजेन्द्र राउत, सरोज दाहाल कुनाल मिश्रा लगायतको उपस्थिति रहेको थियो ।

## हुम्ला डायरी

ओबराज शाही/मध्यान्ह

### हुम्लाका गाउँपालिकामा खटिए प्रमुख प्रशासकीय अधिकृत

# सिमिकोटमा जिल्ला बाहिरका कर्मचारी नखटाउन आग्रह



हुम्लामा सात गाउँपालिकामा संघीय मार्मिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत खटाएको छ । लामो समयदेखि हुम्लाका सात वटा गाउँपालिकाले प्रमुख प्रशासकीय अधिकृत विहीन हुँदा नेपाल सरकाले जिल्लाका सात वटै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउने भएको हो । लोक सेवा आयोगबाट भर्खरै नियुक्ति भएपछि जिल्लाका सातै वटा स्थानीय तहले प्रमुख प्रशासकीय अधिकृत पाउने भएका छन् । जिल्लाको दक्षिण क्षेत्रको ताजाकोट गाउँपालिकामा सजना कार्की, अदाचनचुली गाउँपालिकामा गिमन थापामगर, चंखेली गाउँपालिकामा सीताराम राईलाई खटाएको छ। त्यस्तै मध्य क्षेत्रको सर्केगाड गाउँपालिकामा शान्ति लामा, खार्पुनाथ गाउँपालिकामा रमेश सुनुवार, सिमकोट गाउँपालिकामा सुवास आले र नाम्खा गाउँपालिकामा शैलेशकिशोर राईलाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएको छ । यसअघि जिल्लाका सात वटै गाउँपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका चलाउँदै आएका थिए । सिमकोट गाउँपालिकाले भने बाहिरको कर्मचारी जिल्लामा आउँदा पटक-पटक जिल्ला बाहिर जाने र जिल्लामा बसोबास नै नगर्ने गरेको भन्दै बाहिरको कर्मचारी नखटाउन आग्रह गरेको छ । जिल्लाका नागरिकले सेवा सुविधा नपाउने भएकाले गाउँपालिकामा बैठक बसेर बाहिरको कर्मचारी नखटाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई गाउँपालिका उपाध्यक्ष एवम् कार्यभार अध्यक्षको नेतृत्वमा बसेको बैठकले उक्त आग्रह गरेको हो । यस्तै जिल्लाका सर्केगाड र ताजाकोट गाउँपालिकामा भने महिला प्रमुख प्रशासकीय अधिकृत हुने भएका छन् ।

# बाढीले बगाउँदा एक जना बेपत्ता

हुम्लाको सदरमुकामदेखि ३२ कोष टाढाको सर्केगाड गाउँपालिका वडा नं. २ स्थित रिपगार्ड खोला तर्ने क्रममा बाढीले बगाउँदा एक जना बेपत्ता भएका छन् । ताँजाकोट गाउँपालिका वडा नं. ४ का ९० वर्षीय नन्दऋणी जैसी बेपत्ता भएका हुन् ।

बेपत्ता जैसी खापुनार्थ गाउँपालिकाको खार्पुतिर्थ स्वर्गीय बुबाको अस्तु बिसर्जन गर्न आएका थिए । बेपत्ताको प्रहरी र स्थानीयले उनको खोजी गरिरहेको हुम्लाका प्रहरी नायव उपरीक्षक भीमप्रसाद भट्टराईले जानकारी दिए । नन्दऋणीसँगै खोला तरिरहेका जयरुद्र ढकाल भने बाढीबाट जोगिएका थिए । उक्त खोलामा केही दिनअघि नेपाली सेनाले काठेपुल बनाएको थियो । तर, बाढीले पुल बगाएपछि स्थानीयहरुले जोखिम मोलेर खोला तर्ने गरेका छन् ।

# बलान नदीको बाँध भत्किँदा एक सय घर डुबानमा

**मनु यादव निरज/मध्यान्ह**
सप्तरी, ८ भदौ



निरन्तरको वर्षासँगै नदीमा आएको बाढीले सप्तरीको बलान विहुल गाउँपालिका वडा नं. ४ वेल्ही टोलस्थित बलान नदीको बाँध भत्किएको छ । बाँध भत्किएर नदीको बाढी बस्तीमा पस्दा सो गाउँका एक सय भन्दा बढी घर डुवान भएका छन् । नदीको बाँध तीन ठाउँमा भत्किएर बस्तीमा बाढी पस्दा जनजीवन प्रभावित भएको स्थानीय विश्वनाथ यादवले जानकारी दिए ।

उनका अनुसार दुई ठाउँमा ५०/५० मिटर र एक ठाउँमा सय मिटर जति बाँध भत्किएको छ । 'गुणस्तरीय रुपमा बाँध निर्माण नहुँदा बाँध भत्कियो' उनले भने, 'यस क्षेत्रका जनतालाई वर्षेनी यस्तै समस्याले पिरोलेका हुन्छन् तर पनि ठोस रुपमा बाँध निर्माण गराउनेतर्फ सरोकारबालाको ध्यान पुग्दैन ।' उनले दिर्घकालिन समाधानका लागि पहल गरिदिनु हुन आग्रह गरे ।

### प्रजिअसहितका टोलीद्वारा स्थलगत निरीक्षण

बाँध भत्किएसँगै सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापासहितका टोलीले स्थलगत निरीक्षण गरेका छन् । निरीक्षण गर्दै प्रजिअ थापाले बाढी पसेका बस्तीका जनताको सुरक्षाका लागि सशस्त्र र नेपाल प्रहरीको टोली खटाइएको बताए ।

बाढीले थप क्षति नहोस् भनि हामीले बाँध भत्किएसँगै सशस्त्र र नेपाल प्रहरीको टोली खटाएका थियौं, अहिले स्थलगत निरीक्षण गरेका छौं' उनले भने, 'तत्कालै हामीले गर्नुपर्ने कार्य गरिसकेकै हो । थप यस विषयमा अन्य सरोकारबालासँग पनि समन्वय गर्छौं ।'

टोलीमा उप अनुसन्धान निर्देशक सुरेन्द्र कोइराला, नेपाल प्रहरीका प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्की, सशस्त्र प्रहरी उपरीक्षक तिर्थराज पौडेल, जलश्रोत तथा सिंचाई विकास डिभिजनका प्रमुख रमणकुमार साह लगायतको उपस्थिति रहेको थियो ।

# मानव बेचबिखन नियन्त्रणमा थप प्रभावकारी कदम चाल्न निर्देशन



**काठमाडौं/मस**–प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले मानव बेचबिखन नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न निर्देशन दिएका छन् ।

मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलको निरीक्षण भ्रमणपछि शुक्रबार आयोजित समारोहमा उनले ब्यूरोले गरेको कामको प्रशंसा गर्दै अझै समन्वयात्मकरुपमा प्रभावकारी ढंगबाट कार्यसम्पादन गर्न निर्देशन दिए ।

मानव तस्कर तथा बेचबिखन अपराधका गतिविधि बढ्दो क्रममा रहेको र त्यसको प्रकृति पनि फरक देखिएकाले सोहीअनुसार रणनीति तय गरी परिचालित हुन पनि उनले आग्रह गरे । प्राप्त जनशक्ति र प्रविधिको भरपुर उपयोग गरी नतिजा निकाल्ने गरी काम गर्न उनले निर्देशन दिए ।

महानिरीक्षक कुँवरले तस्करी नियन्त्रणमा अन्य सरोकार राख्ने निकायसँग समन्वयात्मक ढंगबाट काम गर्नुपर्नेमा जोड दिए । मानव बेचबिखन संवेदनशिल विषय भएको र नेपाली धेरै विदेशमा काम गर्न जाने हुँदा सेवा ग्राहीलाई गर्ने व्यवहार पनि सेवाग्राही मैत्री हुनुपर्नेमा उनले जोड दिए ।

पछिल्लो समय वैदेशिक रोजगारीका नाममा बेचबिखनका घटना बढिरहेकाले त्यसतर्फ सचेत हुन पनि उनले आग्रह गरे । सो क्रममा ब्यूरोका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले ब्यूरोले गरेका काम कारवाही र प्रगति विवरण प्रस्तुत गरेका थिए । उनले वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन भइरहेको बताए ।

# स्वास्थ्य शाखाको पालिकास्तरीय गोष्ठी नरैनापुरमा सम्पन्न



**नरैनापुर/मस**-बाँकेको नरैनापुर गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० मा सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको पालिकास्तरीय वार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ ।

नरैनापुर गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजना, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालको अध्यक्षतामा गोष्ठी सम्पन्न भएको हो । बिहीबार र शुक्रबार गरी दुई दिनसम्म चलेको उक्त गोष्ठीमा सहभागी गाउँपालिका अन्तर्गतका ६ वटै वडाका वडा स्वास्थ्य चौकी प्रमुखहरुले गत आ.व मा आ-आफ्नो वडामा भए गरेका स्वास्थ्य कार्यक्रम तथा प्रगति विवरण प्रस्तुत गरेका थिए । सोही गोष्ठीमा प्रस्तुत गरिएको विवरणको आधारमा आन्तरिक मुल्यांकन गरी कार्य र सेवाको आधारमा उत्कृष्ट भएर छानिएका स्वास्थ्य संस्थालाई सम्मान गरिने निर्णय गरिएको स्वास्थ्य संयोजक नगेन्द्र कुमार शाहले बताए ।

समीक्षा गोष्ठीको समापन कार्यक्रममा बोल्दै प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालले उत्कृष्ट कार्य सम्पादन गरेर सफलतापूर्वक जिम्मेवारी पूरा गर्ने पालिकाभित्रका स्वास्थ्य चौकीहरु, स्वास्थ्यकर्मी तथा जस्तोसुकै परिस्थितिमा पनि स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य स्वयंसेविकाहरुलाई धन्यवाद दिएका थिए । गोष्ठीमा सहभागी सबै वडाका स्वास्थ्य प्रमुखले गत आर्थिक वर्षको भन्दा यो आ.व मा स्वास्थ्यका सम्पूर्ण स्वास्थ्य सूचकहरु राम्रो भएकोले आगामी दिनमा यस गाउँपालिकालाई नमुना स्वास्थ्य गाउँपालिकाको रुपमा घोषणा गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

गोष्ठीको समापन कार्यक्रममा वडा नं. २ का अध्यक्ष मसुद अहमद शाह, स्वास्थ्य कार्यालय बाँकेका दुर्गा गौतम, संघीय सांसद किशोर सिंह राठोरका स्वकीय सचिव ज्ञानु जोशीलगायतले नरैनापुरले स्वास्थ्य क्षेत्रमा गरेको कामको प्रशंसा गरेका थिए ।

# विभिन्न देशका मुद्रासहित विदेशी नागरिक पक्राउ

**काठमाडौं/मस**–त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैधरूपमा लुकाइछिपाइ बाह्य मुलुकतर्फ लैजान लागेको मुद्रासहित एक जना फिलिपिन्सका नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा फिलिपिन्सका नागरिक ३२ वर्षीय आर्सिनो जेआर मेसा रहेका केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिए । उनका अनुसार निजको साथबाट प्रहरीले एक सय दरको ३१ थान, २० दरको पाँच थान गरी जम्मा तीन हजार दुई सय अमेरिकी डलर र एक हजार दरको तीन सय थान, पाँच सय दरको एक हजार एक सय थान गरी रु आठ लाख ५० हजार नेपालीसहित बिहीबार पक्राउ गरिएको हो । फ्लाई दुबईको उडानद्वारा काठमाडौंबाट दुबई जान लागेका उनलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा प्रहरीले जाँच गर्ने क्रममा उक्त मुद्रासहित फेला पारी पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

**ललिता...**

कीर्ते कसुरमा केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबीले २ महिना लामो अनुसन्धान गरेर २८६ जनालाई प्रतिवादी बनाउन सिफारिस गर्दै जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा फाइल पठाएको छ । यी मध्ये २५ जनालाई सीआईबीले पक्राउ गरेको थियो । उनीहरूमध्ये ४ जनालाई हाजिरी जमानीमा छाडिएको थियो। अहिले २१ जना भने हिरासतमै छन् । अब सरकारी वकिल कार्यालय उनीहरुविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गर्नेछ । यसअघि भ्रष्टाचारको कसुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १७५ जनालाई प्रतिवादी बनाएको थियो । ती मध्ये ६५ जना जग्गा फिर्ता उदेश्यका लागि प्रतिवादी बनाइएको थियो । सीआईबीले भने अख्तियारको भन्दा एक सय जना भन्दा बढीलाई प्रतिवादी बनाइएको छ । ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा मुछिएका पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई प्रतिवादी नबनाई प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको छ। यस सन्दर्भमा सार्वजनिक रुपमा समेत चासो प्रकट भइरहेका बेला ललिता निवास प्रकरणमा आफू अभियुक्त भए तत्कालीन प्रधानमन्त्री स्वतः तानिने बयान दिएका हुन् । पौड्याल मुख्यसचिव हुँदा डा.बाबुराम भट्टराई प्रधानमन्त्री थिए ।

**नेपालले...**

र सांस्कृतिक विविधता एमिराटीका लागि राम्रो आकर्षण हुनसक्छ ।

सोही अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले यूएईको समृद्धिमा नेपाली कामदारको भूमिका अपार रहे पनि त्यहाँ समस्यामा परेको बताए । नेपालले व्यावसायिक सुरक्षा उपायहरु लागू गर्नुपर्ने र त्यसका लागि यूएई सरकारलाई अनुरोध गर्नुपर्नेमा उनले जोड दिए । सचिव भण्डारीले यूएईको आवश्यकता हेरेर नेपालमा रोजगार अभिमुखीकरण केन्द्रहरु बढाउनुपर्ने धारणा राखे । गत वर्ष नेपालबाट करिब ७ लाख नेपाली औपचारिकरुपमा वैदेशिक रोजगारीमा गए पनि नेपालको अभिमुखीकरण केन्द्रले वर्षमा करिब १ लाख व्यक्तिलाई मात्रै तालिम दिन सकेको उनको भनाइ छ ।

सचिव भण्डारीले जलवायु परिवर्तनका मुद्दालाई विश्वव्यापीरुपमा उठाउन नेपाल सरकारलाई कोपलाई प्लेटफर्मको रुपमा प्रयोग गर्न पनि सुझाव दिए । अबको कोप सम्मेलन यूएईको दुबईमा हुँदैछ । जसमा ३३ हजारभन्दा बढी प्रतिनिधिहरु सहभागी हुनेछन् । यो नेपालका लागि पनि राम्रो अवसर भएको सचिव भण्डारीको भनाइ छ । 'नवनियुक्त राजदूतलाई आगामी कोपमा नेपालको एजेण्डा राख्न र श्रम आप्रवासनलाई मर्यादित र सुरक्षित बनाउन थप प्रयास गर्न आग्रह गर्दछु', उनले भने ।

नेपाल यूएई चेम्बरका अध्यक्ष पवनकुमार अग्रवालले नेपाली व्यवसायीलाई यूएईका व्यवसायीसँग सम्बन्ध स्थापित गर्न वा त्यहाँ व्यवसाय विस्तार गर्न वा त्यसविपरीत गर्नका लागि द्विराष्ट्रिय चेम्बरले आफ्नो प्रयास जारी राखेको बताए । उनले नेपालमा लगानी आकर्षित गर्न र त्यहाँ नेपाली उत्पादनको प्रवर्द्धन गर्न यूएईमा वकालत अभियान चलाउन राजदूत क्षेत्रीलाई आग्रह गरे । 'हामी खाडी देशसँग छिट्टै व्यापार आदानप्रदान गर्न इच्छुक छौं', उनले भने, 'हामी नेपालमा सीप विकास केन्द्र विकास गर्न यूएईको सहयोग चाहन्छौं ताकि रोजगारीका लागि पलायन भएका युवाहरुलाई विभिन्न सीपहरुमा तालिम दिन सकियोस् ।'

**ग्रीसमा...**

तलब सुविधा नपाएपछि लुकीछिपी ग्रीस प्रवेश गर्न खोज्दा हिन्दी भाषा बोल्ने अपरिचित पाकिस्तानीले अपहरण गरी डोरीले बाँधेर शारीरिक तथा मानसिक यातना र डर त्रास देखाइ ज्यान मार्ने धम्की दिइ फिरौती १५ हजार मागेकाले पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका कुँवर नेपालमा फिरौती रकम लिने, अर्याल नेपालमा फिरौती लिएको रकम कुँवरसँग लिन सम्पर्क गर्ने, बेलबासे दुबईबाट नेपालमा कुँवरलाई फिरौती रकम लिन लगाउने र थापा दुबईमा बेलबासेलाई रकम नेपालको अर्याललाई दिनु भनी सम्पर्क गर्न भूमिका खेलेको प्रहरीको अनुसन्धानमा खुलेको प्रवक्ता अधिकारीले बताए ।

प्रहरीले ग्रीसमा बन्धक बनाइ राखेका पीडितलाई सकुशल उद्धार गरेको छ । पक्राउ चारै जनालाई अपहरण तथा शरीर बन्धक मुद्दामा म्याद लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । सीआईबीले वैदेशिक रोजगारीका लागि विदेश जाँदा सरकारको श्रम स्वीकृति भएको देशमा मात्र आवश्यक कानूनी प्रक्रिया पूरा गरी जान अनुरोध गरेको छ ।

**धरानमा...**

स्वास्थ्य आपतकाल अवस्था क्षेत्र घोषणा गर्न गृह मन्त्रालयमा यसअघि नै सिफारिस गरेको छ । धरानमा शनिवार धार्मिक-साम्प्रदायिक संकटको अवस्थासमेत देखिएकोले शान्ति सुरक्षालाई ख्याल गरेर निषेधाज्ञा जारी गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०९**

**अल्फा स्ट्रिट फेसन प्रा.लि.** को मिति २०८०/०४/२९ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **काजी वेयर्स प्रा.लि. (प्रा.लि. नं.: २१३२५१)** कायम गर्ने गरी मिति २०८०/०४/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दूषित पानीको प्रयोगबाट बचौं**

**देशको विभिन्न भागमा दूषित पानी तथा खानाको माध्यमबाट झाडापखाला, जण्डिस आदि रोगहरू फैलिन सक्ने सम्भावना भएको हुँदा रोगबाट बच्न निम्नलिखित कुराहरूको अनिवार्य पालना गर्न यस विभाग सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं ।**

- पानीलाई राम्ररी उमालेर वा क्लोरिन ट्याब्लेटको प्रयोग गरी शुद्धीकरण गरेर मात्र पिउने गरौं । खानेपानीलाई सधैं सफा भाँडामा छोपेर राख्ने गरौं ।
- क्लोरिन चक्की प्रयोग गर्दा १ लिटर र ५ लिटरको छुट्टा-छुट्टै चक्की पाइने हुँदा एकिन गरी चक्की पानीमा घोलेर छोडिदिऔं र आधा घण्टापछि प्रयोग गरौं ।
- झाडापखला प्रकोपको समयमा सकभर काँचो खाने कुरा नखाऔं । खानै परेमा काँचो खाने कुराहरू जस्तै मुला, गाँजर, काँक्रो र सागपातहरूलाई सफा पानीले राम्ररी पखालेर मात्र खाने गरौं ।
- फलफूल, सागपात र तरकारी सफा पानीले राम्रोसँग धोएर मात्र प्रयोग गरौं । बासी, सडेगलेका, झिंगा भन्केका तथा खुला राखिएको खाने कुरा प्रयोग नगरौं ।
- खाना पकाउनुअघि, खान खानुअघि, शौचालय प्रयोग गरिसकेपछि, केटाकेटीहरूको दिसा धोइसकेपछि, गाईबस्तु र पशुपन्छीको सम्पर्कमा आइसकेपछि तथा खेतबारीमा काम गरिसकेपछि अनिवार्यरूपमा साबुन पानीले हात धोऔं । मरेका पशुपन्छीलाई तुरन्तै गाडिदिऔं र सम्भावित महामारीबाट बचौं ।
- चर्पी बनाइ सबैले चर्पीमा मात्रै दिसा पिसाब गरौं, बच्चाको दिसा पिसाब पनि चर्पीमा नै विसर्जन गर्ने गरौं, चर्पी नभएमा अस्थायी चर्पी बनाएर भए पनि प्रयोग गरौं ।
- पकाइसकेका खाना तथा शुद्धीकरण गरेको पानीलाई राम्रोसँग छोपेर राखौं ।
- बालबालिका, वृद्धा तथा बिरामीहरूको खानपान र सरसफाइमा थप सावधानी अपनाऔं ।
- पिउने पानीका स्रोत संरक्षण गरौं ।
- तराईका भूमिगत खानेपानी स्रोतको आर्सनिक परीक्षण गरी सुरक्षित पानी मात्र प्रयोग गरौं ।
- खानेपानी आयोजनाहरूमा खानेपानी सुरक्षा योजना लागू गरी वितरित खानेपानीको गुणस्तर सुनिश्चित गरौं ।

**झाडापखाला जस्ता सरुवा रोग भएमा घरमा नै निम्न उपायहरु गरौं ।**

- झाडापखाला लागेर शरीरबाट जति पानी खेर गएको छ, त्यतिकै अनुपातमा पुनर्जलीय झोल बनाएर खाने र खुवाउने गरौं । घरमै पाइने झोलिलो खानेकुराहरू जस्तै उमालेको पानी, भातको माड, दालको रस, गेडागुडी वा तरकारीको झोल प्रशस्त मात्रामा खाएर घरेलु उपचार गरौं ।

**थप सेवा र सल्लाहका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।**

**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
पानीपोखरी, काठमाडौं

# दोलखामा रोकिएन आत्महत्याका घटना

**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, ८ भदौ

दोलखामा आत्महत्याको घटना रोकिएको छैन । उत्पन्न विभिन्न समस्याको समाधान गर्न नसक्दा आत्महत्या गर्नेहरु बढ्दै गएका हुन् । गरिबी, असफलता, अवसरबाट बञ्चित, बेरोजगारी, अभावलगायतबाट सिर्जित मानसिक दबाब र तनावलाई व्यवस्थापन गर्न नसकेपछि आत्महत्याको बाटो रोज्ने व्यक्तिहरू बढेको प्रहरीले जनाएको छ ।

गत आर्थिक वर्ष २०७९/०८० मा दोलखामा ४९ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय दोलखाको तथ्यांकमा उल्लेख छ। जसमा ३५ जनाले झुण्डिएर, ११ जनाले विष सेवन र ३ जनाले हाम फालेर आत्महत्या गरेका हुन् । आत्महत्या गर्नेमा बालबालिकादेखि वृद्धासम्म रहेका छन् । यस्तै विद्यार्थीदेखि प्रतिष्ठित व्यक्तिसमेत



आत्महत्या गर्नेमा परेका छन्। मनोवैज्ञानिक र मनोसामाजिक रुपमा समस्या भएपछि मानिस आत्महत्या गर्न उद्दत हुने गरेको पाइएको दोलखाका प्रहरी प्रमुख, डिएसपी दिपक खड्काले बताए ।

मानसिक तनाव र पीडाबाट प्रताडित व्यक्तिलाई त्यसबाट मुक्त गराउँदै आत्महत्याजस्तो गलत र जीवन समाप्त हुने बाटो रोज्नबाट रोक्न घरपरिवार, समुदाय सबैको जिम्मेवारी हुने उनले बताए। तनाव र पीडाले ग्रसित व्यक्तिलाई जीवनप्रतिको आशा जगाउन मनोपरामर्श प्रदान र उपचार सेवा उपलब्ध गराउन सकेमा सो व्यक्तिको मानसिकरुपमा आएको तनावजन्य परिस्थिति हटाउन सकिने डिएसपी खड्काले उल्लेख गरे ।

'जीवन ठूलो हो । जिउनु महान कार्य हो । त्यसैले आत्महत्याजस्तो पलायनको प्रकृतिबाट टाढा हुँदै जीवनलाई गतिशीलता प्रदान गरी जिउनुपर्छ,' उनले भने । उनले आत्महत्याको घटना न्यूनीकरणसँगै मानव जीवन सुरक्षाका लागि प्रहरी अहोरात्र खटिरहेको जानकारी दिए । आत्महत्या अघि व्यक्तिले देखाउने संकेत र लक्षणको पहिचान गरी परामर्श एवम् उपचार सेवा प्रदान गरेमा बचाउन सकिने मनोपरामर्शदाताहरु बताउँछन् ।

# बसबरीयाका स्वास्थ्य संस्थाहरुको दुईदिने वार्षिक समीक्षा गोष्ठी सम्पन्न

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ८ भदौ

सर्लाहीको बसबरीया गाउँपालिकाअन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको दुईदिने वार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ। बिहीबार र शुक्रबार गरी दुई दिनसम्म चलेको उक्त गोष्ठीमा गाउँपालिकाका ६ वटै वडामा रहेका स्वास्थ्य संस्थाहरुले गत आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न गरेका कार्यक्रम तथा सेवा प्रवाहको समीक्षा गरिएको हो ।

सोही गोष्ठीमा प्रस्तुत गरिएको विवरणको आधारमा आन्तरिक मूल्यांकन गरी कार्य र सेवाको आधारमा ६ वटै वडाका स्वास्थ्य चौकीहरुमध्येबाट उत्कृष्ट भएर छानिएका तीनवटा स्वास्थ्य संस्थालाई कदरपत्र प्रदान गरेर सम्मानित गरिएको थियो । आन्तरिक मूल्यांकनको आधारमा क्रमशः प्रथम, द्वितीय र तृतीय भएका



सहोडवा, धनगढा र भवानीपुर स्वास्थ्य चौकीका प्रमुखहरुलाई गाउँपालिका अध्यक्ष रामसिंहासन रायले कदरपत्र प्रदान गरे ।

समीक्षा गोष्ठीको समापन कार्यक्रममा बोल्दै अध्यक्ष रायले उत्कृष्ट कार्य सम्पादन गरेर सफलतापुर्वक जिम्मेवारी पूरा गर्ने गाउँपालिकाभित्रका स्वास्थ्य चौकीहरु, स्वास्थ्यकर्मी तथा जस्तोसुकै परिस्थितिमा पनि स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य स्वयंसेविकाहरुलाई धन्यवाद दिए ।

गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा भएको वार्षिक समीक्षा गोष्ठीमा गत आर्थिक वर्षमा निर्धारित लक्ष्य र प्राप्त उपलब्धि तथा वडामा रहेका स्वास्थ्य संस्था र समग्र गाउँपालिकाको स्वास्थ्य क्षेत्रको गुणस्तर अभिवृद्धिका विषयमा छलफल गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा सहप्रमुख विजय यादवले बताए । गाउँपालिकाका अध्यक्ष रामसिंहासन रायको अध्यक्षता तथा मधेश प्रदेश स्वास्थ्य निर्देशनालय धनुषाका तथ्यांक अधिकृत लालबाबु रायको प्रमुख अतिथ्यतामा सम्पन्न समीक्षा गोष्ठी कार्यक्रममा गाउँपालिकाअन्तर्गत रहेका विभिन्न वडाका वडाध्यक्षहरु, गाउँपालिकाका कर्मचारी, स्वास्थ्यकर्मी, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

# शंकर भारतीको 'अनुपम देवता'को अन्तरक्रिया

**काठमाडौं/मस–** उपन्यासकार शंकर भारतीको 'अनुपम देवता' उपन्यासको तेस्रो संस्करणको अन्तरक्रिया शुक्रबार सम्पन्न भएको छ ।

उपन्यास समाज नेपालको आयोजनामा सामाजिक विकास समाज अनामनगर काठमाडौंमा कार्यक्रम सम्पन्न भएको हो । पहिलो संस्करण २०२७ सालमा प्रकाशित भएको थिया ।

साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन' को अध्यक्षता तथा साहित्यिक पत्रकार संघका पूर्व अध्यक्ष वरिष्ठ साहित्यिक पत्रकार नगेन्द्रराज शर्माको प्रमुख आतिथ्यतामा आयोजित सो कार्यक्रममा 'अनुपम देवता' उपन्यास बारे चर्चा गरिएको थियो ।

कार्यक्रममा सो उपन्यासबारे समालोचकहरु डा. दामोदर



पुडासैनी, डा.शान्तिमाया गिरी, डा.रामप्रसाद ज्ञवाली, डा.मधुसूदन लामिछाने, डा.दिनबन्धू शर्माले आ-आफ्नो पाठकीय मन्तव्य राखेका थिए ।

यसैगरी उपन्यासकार शंकर भारतीले आफ्नो उपन्यास लेखनबारे चर्चा गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ साहित्यिक पत्रकार नगेन्द्रराज शर्मा, अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन', नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य-सचिव धनप्रसाद सुवेदी, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, नेपाल स्रष्टा समाजका पूर्व अध्यक्ष पवन आलोक, महासचिव देवीका तिमिल्सिनालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा साहित्यकार वियोगी बुढाथोकीले स्वागत तथा विष्णुबहादुर सिंहले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको सञ्चालन निबन्धकार श्रीबाबु कार्कीले गरेका थिए। वि. स.२०१३ सालमा डिल्लीबजार काठमाडौंमा जन्मिएका भारतीको 'अर्को जुनी,' 'प्रेम तपस्या,' 'अनुपम देवता,' 'महापुरुषको सन्तान' र 'अग्नि परीक्षा' उपन्यासहरु प्रकाशित रहेका छन् ।

**साउदीमा रोजगार** | कम्पनी: AL-SHUYOUKH AL-ARABIA COFFEE TRADING COMPANY IS A ONE-PERSON CO
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/०७ चलानी नं.: ६०२०६७२५ LT. No.:291544

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: TRIPLE JOY RESTAURANT TO SERVE MEALS. शहर:RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/०७ चलानी नं.: ६०२०६७२४ LT. No.:291543

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ १६ गते (2 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

**मलेसियामा रोजगार** | कम्पनी: RESTORAN RATHA GOG THONG JAYA SDN BHD
शहर : SELANGOR
पुर्व स्वीकृत मितिः २०८०/०२/०१ चलानी नं.: ६०१९१५८८ L.T. No.:281814 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० भदौ १६ गते (2 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-१४५८४८१०
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

**साउदीमा रोजगारको अवसर** | कम्पनी : MISSING CURRENT EST. FOR MAINTENANCE
शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८०/०५/०७ चलानी नं.: ६०२०६७४२ L.T. No.: 291528

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Buildings | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १६ गते (2 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Alert Overseas Pvt. Ltd.**
Govt. Lic No. 1240/074/075
Tokha Road Samakhusi, Kathmandu Nepal, Tel: 4362382, Mobile: 9801055881/ 9801055882
E-mail : info@alertoverseas.com.np, alertoverseas.np@gmail.com, Web.: www.alertoverseas.com.np

## नौबहिनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

लुङ्ग बाहने, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## ढुंगा गिट्टी र बालुवा जस्ता प्राकृतिक श्रोतको बिक्रीको लागि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/०९**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरि यस नौबहिनी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व २०८०/०८१ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रकृया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फाराम दस्तुर जम्मा गरि देहाएको मिति र समयभित्र हार्ड कपी (Hard copy) मार्फत बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सुचनापाटी, तथा कार्यालयको वेभ साईट (www.naubahinimun.gov.np) तथा कार्यालय समयभित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा राख्न सकिनेछ ।

**ढुङ्गा, गिट्टी, बालुवा प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| ठेक्का नं. | विवरण | बार्षिक उत्खनन गर्न सकिने परिमाण (घ.मि) | न्यूनतम ठेक्का अंक रु.(मू.अ.कर बाहेक ) | बोलपत्र जमानत रकम (धरौती रकम) रु. | बोलपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| NRM/SQ-03/2080/081 | नौबहिनी गाउँपालिका भएर बग्ने लुङ खोलाको ढुङ्गा गिट्टी वालुवा जस्ता नदि जन्य पदार्थको उत्खनन् तथा बिक्रि गर्ने कार्य । | २३५० घ.मि | ४,९७,९३७.२७ | १५,०००.०० | १०००.०० | |

**नोट :- ढुङ्गा, गिट्टी, वालुवको दररेट प्रति क्युविक फुट (लुम्बिनी प्रदेश आर्थिक ऐन २०८०) बमोजिम ने.रु. ६ (मू.अ.कर बाहेक)**

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समयभित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको नेपाल इन्भष्टमेण्ट बैंक बाहने शाखामा रहको आन्तरिक राजश्व खाता नं ०७६०१४००२५०१४६ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
- बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था : फर्म वा कम्पन्नीले व्यवसाय दर्ता प्रमाणपत्र (कर सहितको प्रमाण मु .अ.) पत्र र स्थाई लेखा नम्बर तथा आर्थिक वर्ष ०७९/०८० को कर चुक्ता वा म्याद थप, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाय नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८०/०५/२३ दिनको १२ :०० बजेभित्र पेश गर्नुपर्ने छ । र पेश भएका बोलपत्रहरु सोहि दिनको १ :०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ, बोलपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- बोलपत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको नेपाल इन्भष्टमेण्ट बैंक नौबहिनी गाउँपालिकाको बहाने शाखामा रहेको धरौटी खाता नं ०७६०१४००२५००२३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको रितपुर्वकको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ। कबोल गरेको रकम अंक र अक्षरमा (Bid Bond) लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।
- अन्य जानकारीको लागि नौबहिनी गाउँपालिकाको वेभ साइटमा हेर्न सकिने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

**साउदीमा रोजगार** | कम्पनी: China Energy Engineering Group Guangdong Power Engineering Company Limited
शहर:Riyadh
पूर्व स्वीकृत मितिः २०८०/०५/०८ चलानी नं.: ६०२०६७५२ LT. No.: 291652

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor/Factor | 26 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**मलेसियामा रोजगार** | कम्पनी: BUN HOONG FOOD INDUSTRY SDN.BHD.
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०९/१२ चलानी नं.: ६०१९३८७७ LT. No.: 278243 पून विज्ञापन


| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १६ गते (2 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु १०,०००/- मलेसियाको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

